नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनस्थापना इकाई, गोरखा

## बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनस्थापना इकाईको संयोजकको लागि

## कार्य शर्त

**(Term of Reference)**

फाल्गुण, २०७८

सह सचिव

सचिव

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## १. आयोजनाको परिचय

गोरखा र धादिङ जिल्लाको बीचबाट बग्ने बुढीगण्डकी नदीमा निर्माण गरिने यो बुढीगण्डकी जलविद्युत आयोजना जलाशययुक्त परियोजना हो । आयोजनाको बाँध स्थलमा पुग्नको लागि काठमाडौबाट पृथ्वी राजमार्गको ८० किमिको दुरीमा रहेको बेनिघाट हुदै त्रिशुली नदी पार गरी मूल सडकबाट २ कि.मि दुरी पार गर्नु पर्दछ । यो आयोजनाको पहिचान शुरुमा सन् १९७८ मा SMEC ले गरको र यसको जडित क्षमता २००-३०० मे.वा. हुन सक्ने देखाएको थियो । त्यसपछी विद्युत विभागले सन, १९८२-८४ मा र सन, २०१०-११ मा नेपाल विद्युत प्राधिकरणबाट समेत गरेको अध्ययनले ६०० मेगावाट जडित क्षमताको जलाशययुक्त आयोजना हुनसक्ने देखाएको थियो ।

सन, १९९१ डिसेम्बर ६-१० तारिख सम्म नेपालका प्रधानमन्त्रीको भारत भ्रमण हुँदा यो आयोजना सन, १९९४ बाट निर्माण शुरु गर्ने गरी नेपाल-भारत विशेषज्ञ टोलीबाट संयुक्त रुपमा १९९२ मा DPR तयार गर्ने सहमति भएको थियो । यस्का लागि Financial Modality को अध्ययन गर्ने समेत सहमति भएको थियो । त्यसपछी नीजि क्षेत्रबाट विकास गर्ने प्रयासका वावजुद यस्को विकास हुन नसकेको अवस्था हो । त्यसपछी सन २०१२ को डिसेम्बर २ तारिखमा नेपाल विद्युत प्राधिकरण र परामर्शदातृ संस्था फ्रान्सको ट्राक्टवेल ईन्जिनियरिङसंग विस्तृत ईन्जिनियरिङ प्रतिवेदन तयार गर्न सम्झौता भएको थियो । पछि मिति २०६९/०८/१८ मा विकास समिति गठन भई उक्त आयोजना बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिमा २०७०/०७/१३ मा हस्तान्तरण भएको र फ्रान्सको ट्राक्टवेल ईन्जिनियरिङ कम्पनी मार्फत आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ डिजाईन, टेण्डर डकुमेन्ट तयार भएको र वातावरणिय अध्ययन कार्य सम्पन्न भई सकेको, सोको प्रतिवेदन जनसंख्या तथा वातावरण मन्त्रालयवाट स्वीकृत भै सकेको छ । बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना वर्षादको वहावलाई भण्डारण गरी सुख्खा याममा बिहान र वेलुकाको समयमा विद्युत आपूर्ति गर्ने गरी १२०० मेगावाट जडित क्षमताको प्रस्तावित महत्वपूर्ण आयोजना हो । हाल यस आयोजनाको लागि जग्गा अधिग्रहणको कार्य भइरहेको छ ।

## २. बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनस्थापना इकाईको काम, कर्तव्य र अधिकार

नेपाल सरकारवाट मिति २०७३/०७/११ स्वीकृत कार्यविधि अनुसार बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनर्स्थापना इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क. बुढीगण्डकी जलविद्युत आयोजनावाट प्रभावित परिवारहरुको जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) तयार गर्नुका साथै सो कार्य योजनालाई अन्तिम रुप दिई मुआब्जा वितरण कार्य प्रारम्भ गर्ने ।

सह सचिव



सचिव

ख. आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्नुका साथै क्षतिपूर्ति, पुनर्वास तथा पुनस्थापना सम्वन्धी रेकर्ड (Data Base) तयार गर्ने ।

ग. जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) बमोजिम संचालन हुने योजना कार्यान्वयन गर्न तथा कार्यान्वयन गर्न तथा कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालय तथा निकायहरुसँग समन्वय तथा सहयोग लिने ।

घ. आयोजना प्रभावित व्यक्ति, समुदाय, स्थानीय संघ संस्थाहरुसँग नियमितरुपमा परामर्श तथा सम्वाद कायम गर्नुका साथै आयोजनाको विकास प्रकृयामा स्थानीय जनतालाई सक्रिय सहभागिता गराउने ।

ङ. आयोजनाको जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना सम्वन्धीकार्य गर्ने क्रममा कुनै कर्मचारी, अन्य व्यक्ति वा संस्थावाट अनुचितरुपमा आयोजनावाट फाइदा (जस्तै मुआब्जा, ठेक्कापट्टा आदि) लिने मनसाय देखिएमा सो को बारेमा स्वतन्त्र छानविन टोली गठन गरी सोही आधारमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कारवाही गर्न सिफारिस गर्ने ।

च. वातावरण, जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) कार्यान्वयन गर्न आवश्यकता अनुसार विशेषज्ञ तथा परामर्श सेवा लिने ।

छ. प्रचलित कानूनको अधिनमा रही पुनर्वास, पुनस्थापना तथा वातावरणीय एवम् सामाजिक कार्यहरुसँग सम्वन्धित बोलपत्र तयार पार्ने, स्वीकृत गर्ने, कार्यान्वयन गर्ने / गराउने ।

ज. वातावरण, जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRP) कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने । स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने ।

झ. आयोजनाको मुआब्जा वितरण, पुनर्वास तथा पुनस्थापना, वातावरणीय एवम् सामाजिक कार्यहरुको योजना तर्जुमा गर्नुका साथै सो को कार्यान्वयन, अनुगमन तथा निरिक्षण गर्ने र निरिक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

ञ. आयोजनासँग सम्वन्धित गुनासो (Grievances) तथा सिकायतहरुको उचित रेकर्ड राखी मन्त्रालयबाट निर्धारण भए बमोजिम गुनासो निवारण समिति (Grievance Redress Committee) गठन गरी सो को सुनुवाई / व्यवस्थापन गर्ने ।

ट. आयोजनाको पुनर्वास तथा पुनस्थापना एवम् वातावरणीय तथा समाजिक (Resettlement & Rehabilitation and Environmental & Social Safeguard) कार्यहरुसँग सम्वन्धित अन्य कार्यहरु गर्ने वा गराउने ।

सह सचिव



सचिव

ठ. नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनर्स्थापना इकाईलाई दिएको निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

३. **बुढीगण्डकी जल विद्युत आयोजनाको वातावरण, मुआब्जा वितरण, पूनर्वास तथा पुनर्स्थापना इकाईको संयोजकको जिम्मेवारी, काम, कर्तव्य र अधिकार**

नेपाल सरकारवाट स्वीकृत कार्यविधि अनुसार संयोजकको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

क. बुढीगण्डकी जलविद्युत आयोजनावाट प्रभावितको जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) तयार गर्नुका साथै सो कार्य योजनालाई अन्तिमरुप दिई मुआब्जा वितरण कार्य प्रारम्भ गर्ने वा गराउने ।

ख. आयोजनाको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्नुका साथै क्षतिपूर्ति, पुनर्वास तथा पुनस्थापना सम्वन्धी रेकर्ड (Data Base) तयार गर्ने वा गराउने ।

ग. जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) बमोजिम संचालन हुने योजना कार्यान्वयन गर्नका लागि सम्वन्धित मन्त्रालय तथा निकायहरुसँग समन्वय तथा सहयोग लिने ।

घ. आयोजना प्रभावित व्यक्ति, समुदाय, स्थानीय संघ संस्थाहरुसँग नियमितरुपमा परामर्श तथा सम्वाद कायम गर्नुका साथै आयोजनाको विकास प्रकृयामा स्थानीय जनतालाई सक्रिय सहभागिता कायम गराउने ।

ङ. आयोजनाको जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना सम्वन्धीकार्य गर्ने क्रममा कुनै कर्मचारी, अन्य व्यक्ति वा संस्थावाट अनुचितरुपमा फाइदा लिने मनसाय देखिएमा सो को बारेमा स्वतन्त्र छानविन टोली गठन गरी सो को आधारमा कारवाही गर्न सिफारिस गर्ने ।

च. जग्गा प्राप्ती, पुनर्वास तथा पुनस्थापना कार्य योजना (LARRAP) कार्यान्वयनको शिलसिलामा आवश्यकता अनुसार मन्त्राललले तोकेका आयोजनाका फोकल पर्सनको संयोजनमा रहि कार्य गर्ने ।

छ. प्रचलित कानूनको अधिनमा रही पुनर्वास, पुनस्थापना तथा वातावरणीय एवम् सामाजिक कार्यहरुसँग सम्वन्धित बोलपत्र तयार पार्ने, स्वीकृत गर्ने ।

ज. यस कार्यालयसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम तयार गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय समक्ष पेश गर्ने र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने ।

सह सचिव

सचिव

झ. आफ्नो मातहतका कर्मचारीहरुको विदा स्वीकृत गर्ने, कर्मचारीहरुको सुपरिवेक्षण, निर्देशन, निरिक्षण एवम् कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

ञ. आयोजनाको मुआब्जा वितरण, पुनर्वास तथा पुनस्थापना, वातावरणीय एवम् सामाजिक कार्यहरुको योजना तर्जुमा गर्नुका साथै सो को कार्यान्वयन, अनुगमन तथा निरिक्षण गर्ने र निरिक्षण गर्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने ।

ट. आयोजनासँग सम्वन्धित गुनासो (Grievances) तथा सिकायतहरुको उचित रेकर्ड राखी मन्त्रालयबाट निर्धारण भए बमोजिम गुनासो निवारण समिति (Grievance Redress Committee) गठन गरी सो को सुनुवाई / व्यवस्थापन गर्ने ।

ठ. आयोजनाको पुनर्वास तथा पुनस्थापना एवम् वातावरणीय तथा समाजिक कार्यहरुसँग सम्वन्धित कार्यहरुको प्रगती सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई Reporting गर्ने ।

ड. आयोजनाको पुनर्वास, पुनस्थापना एवम् वातावरणीय तथा सामाजिक कार्यहरुसँग सम्वन्धित अन्य कार्यहरु गर्ने वा गराउने ।

ढ. बुढीगण्डकी जलविद्युत आयोजनासँग सम्बन्धित मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।

४. **संयोजकले मन्त्रालय समक्ष पेश गर्नुपर्ने प्रतिवेदनहरु**

(क) मासिक प्रगति प्रतिवेदन

(ख) त्रैमासिक प्रगति प्रतिवेदन

(ग) अर्ध वार्षिक प्रगति प्रतिवेदन

(घ) वार्षिक प्रगति प्रतिवेदन

(ङ) आवश्यकता अनुसार समय समयमा तोकिएका प्रगति प्रतिवेदन

५. **कार्यगत सम्वन्धमा**

संयोजकले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतमा रही कामकाज गर्नुपर्ने छ ।

६. **नियुक्तिको अवधि**

संयोजकको कार्य अवधि बढीमा २ वर्षको हुनेछ ।

७. **पारिश्रमिक र अन्य सुविधाहरु**

संयोजकको पारिश्रमिक र अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

८. **इकाइको संयोजकमा निवेदन दिंदा पेश गर्नुपर्ने अन्य विवरणहरु**

(क) व्यवसायिक कार्ययोजना

(ख) अनुभव खुल्ने प्रमाणपत्र

सह सचिव



सचिव

(ग) कुनै निकायमा कार्यरत भएमा आवेदन गर्न थप स्वीकृति

(घ) आवेदन

९. **छनौटको किसिम**

संयोजकको छनौट खुल्ला प्रतिस्पर्धावाट गरिनेछ । मूल्यांकनका आधार देहाय बमोजिम हुनेछ :

(क) व्यवसायिक कार्ययोजना

(ख) कार्ययोजनाको प्रस्तुतीकरण

(ग) अन्तर्वार्ता

१०. **वैयक्तिक विवरण (Curriculum vitae)**

कार्य अनुभव र शैक्षिक योग्यता स्पष्ट देखिने गरि वैयक्तिक विवरण पेश गर्नु पर्नेछ ।

११. **थप जानकारी**

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयवाट प्राप्त गर्न सकिने छ ।

सह सचिव

सचिव



सचिव